# प्रदेश तथा स्थानीय तहको परराष्ट्र तथा कूटनीतिक मामिला सम्बन्धी निर्देशिका, २०७५

प्रदेश तथा स्थानीय तहले परराष्ट्र तथा कूटनीतिक मामिला सम्बन्धमा अवलम्बन गर्नुपर्ने काम कारबाहीलाई प्रक्रियागत ढङ्गले छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन, सम्पादन गर्न वाञ्छनीय भएकोले;

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम "प्रदेश तथा स्थानीय तहको परराष्ट्र तथा कूटनीतिक मामिला सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

(३) यो निर्देशिका प्रदेश तथा स्थानीय तहले पालना गर्नुपर्नेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "पदाधिकारी तथा कर्मचारी" भन्नाले प्रदेश तथा स्थानीय तहका निर्वाचित तथा मनोनीत पदाधिकारी, कर्मचारी र नेपालको संविधान, अन्य सङ्घीय कानुन वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेशबमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने प्रदेश तथा स्थानीय तहको पदमा बहाल रहको व्यक्ति सम्झनुपर्छ ।

(ख) "विदेशी स्वयंसेवी संस्था" भन्नाले नेपालबाहेकका मुलुकमा दर्ता भई नेपाल सरकारको स्वीकृति लिई प्रदेश वा स्थानीय तह र त्यहाँ कार्यरत नेपाली गैरसरकारी संस्थासँग सहकार्य गरी भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक विकास, वातावरण, स्वास्थ्य, शिक्षा, बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलगायतका क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई जनाउछ ।

(ग) "नेपाली नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, नेपाली महावाणिज्यदूतावास/वाणिज्यदूतावास वा भियना कन्भेन्सनबमोजिमको कन्सुलर पोष्ट तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका निकाय सम्झनुपर्छ ।

(घ) "विदेशी नियोग" भन्नाले नेपालस्थित वा नेपालका लागि सहप्रमाणीकृत विदेशी राजदूताबास, नियोग, महावाणिज्यदूतावास/वाणिज्यदूतावास वा भियना कन्भेन्सनबमोजिमको कन्सुलर पोष्ट र सम्पर्क कार्यालय सम्झनुपर्छ ।

(ङ) "अन्तर्राष्ट्रिय सङ्घसंस्था" भन्नाले संयुक्त राष्ट्र सङ्घ र सो अन्तर्गतका विशिष्टीकृत निकायहरू तथा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई समेत सम्झनुपर्छ ।

(च) "कर्मचारी" भन्नाले प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीलाई जनाउँछ ।

**३. परराष्ट्र मन्त्रालय तथा अन्य संघीय मन्त्रालयसँग सम्पर्क र समन्वयः**

३.१. प्रदेश र स्थानीय तहले विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था वा तिनका प्रतिनिधि वा पदाधिकारीसँग सम्पर्क गर्दा परराष्ट्र मन्त्रालयमार्फत गर्नुपर्नेछ । वैदेशिक सहायता सम्बन्धमा संघीय अर्थ मन्त्रालयले समन्वय गर्नेछ ।

३.२. उपदफा ३.१ बमोजिम परराष्ट्र मन्त्रालय वा अर्थ मन्त्रालय तथा यस निर्देशिकामा लेखिएका अन्य विषयहरूमा कुनै पनि संघीय मन्त्रालयसँग सम्पर्क गर्दा प्रदेशका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय तहको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत गर्नुपर्नेछ ।

३.३. उपदफा ३.१ र ३.२ बमोजिमका विषयहरूमा प्रदेश तथा स्थानीय तहबाट सम्पर्क गर्नुपर्दा प्रदेशको हकमा मुख्यमन्त्रीको कार्यालय र स्थानीय तहको हकमा नगर कार्यपालिका वा गाँउपालिका कार्यपालिकामार्फत पत्राचार गर्नुपर्नेछ ।

३.४. विदेशी नियोग, कूटनीतिज्ञ र अन्तर्राष्ट्रिय सङ्घसंस्थाले प्रदेश तथा स्थानीय तहसँग परराष्ट्र मन्त्रालयमार्फत मात्र सम्पर्क गर्नुपर्नेछ ।

**४. प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धि सम्झौताः**

४.१. नेपालको संविधानबमोजिम प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धिसम्झौता गर्दा नेपाल सरकारलाई प्रदेशको परामर्श लिनुपर्ने विषय हो भन्ने लागेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित प्रदेशसँग परामर्श गरिनेछ । यस्तो परामर्श प्रदान गर्दा प्रदेश सभाको वैठकबाट अनुमोदन गरी प्रदान गर्नुपर्छ ।

४.२. प्रदेशको परामर्श लिनुपर्ने सन्धि सम्झौतामा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रस्तावित सन्धि सम्झौताको मस्यौदासहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा लेखिपठाउनुपर्छ ।

४.३. परामर्शको लागि लेखिआएको विषयमा प्रदेश सरकारले २१ दिनभित्र आफ्नो परामर्श मुख्यमन्त्रीको कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्नेछ ।

४.४. उपदफा (१) बमोजिम गरिने सन्धिसम्झौताका लागि समयाभाव भएमा प्रधानमन्त्रीले प्रदेशका मुख्यमन्त्रीमार्फत सिधै परामर्श लिन सक्नेछन् । तर यस्तो परामर्शलाई नेपाल सरकारका मुख्यसचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

५. विदेशीसँग गरिने भेटघाटः

५.१. प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीले विदेशी मुलुकका राजदूत वा पदाधिकारीहरू वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाका प्रतिनिधिहरूसँग भेटघाट गर्नु अघि परराष्ट्र मन्त्रालयको सहमति लिनुपर्नेछ । आर्थिक सहायता परिचालनको हकमा भने संघीय अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।

५.२. खण्ड (१) बमोजिम परराष्ट्र मन्त्रालयलाई सहमतिको लागि लेखिपठाउँदा प्रदेशका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय तहको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत गर्नुपर्नेछ ।

५.३. यसरी सहमति लिंदा भेटघाट गर्ने विदेशी पदाधिकारी, भेटघाटका एजेन्डा वा विषयहरू खुलाई पठाउनुपर्नेछ ।

५.४. परराष्ट्र मन्त्रालयले त्यस्तो भेटघाटको औचित्य र अन्य पक्षलाई समेत विचार गरी भेटघाटको सहमति दिन सक्नेछ ।

५.५. प्रदेश एवं स्थानीय सरकारका उच्च पदाधिकारीहरूले विदेशी सरकारका मन्त्री, राजदूत वा उच्च सरकारी अधिकारीसँग भेटघाट गरिसकेपछि सोको सङ्क्षिप्त विवरण तयार गरी परराष्ट्र मन्त्रालय र सम्बन्धित सङ्घीय मन्त्रालयमा पठाउनुपर्नेछ ।

५.६. विदेशीसँग भेटघाट गर्नुपूर्व छलफलको विषयवस्तु यकिन गर्नुपर्नेछ। छलफलको क्रममा नयाँ विषयवस्तु उठान भएमा सोमा कुनै प्रतिबद्धता व्यक्त गर्न हुँदैन।

५.७. विदेशीसँग भेटघाट वा छलफल गर्दा नेपालको मित्रराष्ट्रसँगको विद्यमान सम्बन्ध र नेपालको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रतिकूल हुनेगरी धारणा राख्न, प्रतिक्रिया जनाउन वा समर्थन गर्न हुँदैन ।

५.८. विदेशीसँग भेटघाट गर्दा शिष्ट, मर्यादित तथा बोधगम्य भाषाको प्रयोग गर्नुपर्नेछ । भेटघाटमा आवश्यकतानुसार अनुवादकको सहयोग लिन सकिनेछ।

५.९. विदेशीसँग औपचारिक भेटघाट वा छलफल गर्दा राष्ट्रिय वा औपचारिक पोसाक लगाउनुपर्नेछ।

५.१०. सार्वजनिक समारोह, भेटघाट वा औपचारिक कार्यक्रममा सरिक हुँदा प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीले बोलचाल, कुराकानी र खानपानमा आफ्नो पदीय मर्यादाअनुकूल शिष्ट र सौम्य व्यवहार गर्नुपर्नेछ ।

५.११. विदेशीसँग भेटघाट गर्दा आवश्यक पर्ने शिष्टाचार सम्बन्धमा परराष्ट्र मन्त्रालयसँग परामर्श गर्नुपर्नेछ ।

६. **विदेश भ्रमण सम्बन्धमाः**

६.१. स्थानीय तहका कर्मचारी र पदाधिकारीहरूको हकमा स्थानीय तहका पदाधिकारीहरूको वैदेशिक भ्रमण व्यवस्थित गर्ने निर्देशिका, २०७५ र स्थानीय तहका कर्मचारीहरूको वैदेशिक भ्रमण व्यवस्थित गर्ने निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

६.२. प्रदेशका कर्मचारी र पदाधिकारीहरूको हकमा विदेश भ्रमण गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत परराष्ट्र मन्त्रालयको सहमति लिनुपर्नेछ । यसमा राजनैतिक भ्रमण, कुटनैतिक भ्रमण, द्विपक्षीय सम्बन्ध जस्ता विषयमा हुने विदेश भ्रमण बाहेक छात्रवृत्ति, अध्ययन भ्रमण, अवलोकन भ्रमणजस्ता विकास साझेदारको आयोजनामा सञ्चालन हुने कार्यक्रमहरू अर्थ मन्त्रालयको समेत सहमति लिनुपर्नेछ ।

६.३. खण्ड (२) बमोजिम सहमतिका लागि परराष्ट्र मन्त्रालयमा लेखिपठाउँदा प्रदेश मन्त्रिपरिषद्को निर्णय सहित पठाउनुपर्नेछ ।

६.४. भ्रमणको सिलसिलामा आतिथेय मुलुक, नियोग वा संस्थासँग गरिने पत्राचार अनिवार्य रूपमा परराष्ट्र मन्त्रालय मार्फत गर्नुपर्नेछ ।

६.५. परराष्ट्र मन्त्रालयले त्यस्तो विदेश भ्रमणको औचित्य र अन्य पक्षलाई समेत विचार गरी भ्रमणको सहमति दिन सक्नेछ ।

६.६. यसरी विदेश भ्रमण गर्दा सम्बन्धित मुलुक हेर्ने नेपाली नियोगलाई पूर्व जानकारी दिनुपर्नेछ र विदेशीसँगको भेटघाट तथा छलफलमा सम्भव भएसम्म नियोगको प्रतिनिधिलाई समावेश गर्नुपर्नेछ ।

६.७. विदेश भ्रमणको क्रममा राज्यलाई दायित्व सृजना हुने गरी कुनै प्रकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गर्न वा स्वीकार गर्न हुँदैन ।

६.८. विदेश भ्रमणका क्रममा नेपालले अवलम्बन गर्दै आएको विदेश नीति र अन्तर्राष्ट्रिय मान्यताका साथै नेपालको राष्ट्रिय हित र स्वाभिमानको पक्षमा धारणा राख्नुपर्छ ।

६.९. विदेशीसँगको भेटघाटमा नेपालको मित्रराष्ट्रसँगको विद्यमान सम्बन्ध र नेपालको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रतिकूल हुने गरी अनधीकृत धारणा राख्न, प्रतिक्रिया जनाउन, समर्थन गर्न वा हस्ताक्षर गर्न हुँदैन ।

६.१०. विदेशमा हुने सभा, समारोह तथा बैठकमा गरिने सम्बोधन, भाषण वा छलफलको विषयवस्तु र नेपालको धारणाका सम्बन्धमा परराष्ट्र मन्त्रालय, नेपाली नियोग र अन्य सम्बन्धित निकायसँग परामर्श गर्नुपर्नेछ।

६.११. विदेश भ्रमण सम्पन्न भइसकेपछि निर्वाचित पदाधिकारीहरूले सो को प्रतिवेदन अनिवार्य रूपमा परराष्ट्र मन्त्रालयमा पेस गर्नुपर्नेछ ।

६.१२. कर्मचारी तथा पदाधिकारीहरूले व्यक्तिगत कामको सिलसिलामा विदेश भ्रमण गर्दा परराष्ट्र मन्त्रालयलाई जानकारी गराउनुपर्नेछ ।

७. **भगिनी सम्बन्ध:**

७.१. स्थानीय तहले विदेशको कुनै सहरसँग भगिनी सम्बन्ध कायम गर्दा सोको स्पष्ट औचित्य र कारणसहित प्रदेश सरकारको परामर्श तथा परराष्ट्र मन्त्रालयको सहमति लिई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्नेछ ।

७.२. स्थानीय तहले भगिनी सम्बन्ध रहेका सहरहरूसँग हुने अन्तरक्रिया तथा आदान-प्रदानको जानकारी सो मुलुक हेर्ने नेपाली नियोगलाई दिनुपर्नेछ ।

७.३. प्रदेश वा स्थानीय तहले विदेशी समकक्षी वा अन्य संस्थासँग सांस्कृतिक सम्बन्ध स्थापना गर्दा सम्बन्धित विषयगत मन्त्रालयको सहमति लिई परराष्ट्र मन्त्रालयसँग परामर्श गर्नुपर्नेछ ।

७.४. परराष्ट्र मन्त्रालयले औचित्य र अन्य पक्षलाई समेत विचार गरी सांस्कृतिक सम्बन्ध स्थापना गर्न सहमति दिन सक्नेछ।

७.५. भगिनी संस्थामार्फत् सहायता परिचालन गर्नुपर्ने र नेपाल सरकारलाई कुनै थप दायित्व सिर्जना हुने भएमा संघीय अर्थमन्त्रालयको सहमति लिनुपर्नेछ ।

८. **उपहार आदान-प्रदान:**

८.१. प्रदेश तथा स्थानीय तहका कर्मचारी तथा पदाधिकारीले संघीय सरकारको अनुमतिमा मात्र विदेशी कूटनीतिज्ञ वा पदाधिकारी वा अन्य व्यक्ति/संस्थाबाट उपहार लिने तथा लिएको उपहार वेबसाइटमार्फत् सार्वजनिक गर्ने र सम्बन्धित कार्यालयको जिन्सी खातामा आम्दानी बाँध्नुपर्ने छ ।

८.२. विदेशीलाई उपहार दिँदा सकेसम्म स्थानीय मौलिकता र पहिचान झल्कने स्थानीय उत्पादनहरू दिनुपर्नेछ।

८.३. स्थानीय उत्पादनलाई उपहारको रूपमा दिँदा उपहारको नाम, उत्पादन भएको ठाउँ,विशेषता, बनोट, प्रयुक्त वस्तुहरू, उपभोग गर्ने तरिका आदि स्पष्ट खुल्ने लेबल राखी गुणस्तरीय प्याकिङ् गरी दिनुपर्नेछ।

८.४. विदेशीलाई उपहार दिँदा सकेसम्म प्राप्त गर्नेको संस्कृति र प्रचलन सुहाउँदो हुनुपर्नेछ।

८.५. कामसँग सम्बन्धित विदेशी पदाधिकारी, संस्था, सरकार वा तहबाट सामान्य शिष्टाचारको संकेतस्वरूप प्राप्त हुने उपहारबाहेक अन्य व्यक्तिगत लाभ, महँगा उपहार,आफू वा आफ्नो

परिवार वा अरू कसैको लागि रोजगारी,छात्रवृत्ति, स्वास्थ्योपचारजस्ता व्यक्तिगत लाभजन्य अवसर प्राप्त गर्न वा प्राप्त गर्ने प्रयत्न गर्नुहुँदैन ।

९. **वैदेशिक सहायता परिचालनः** वैदेशिक सहायता परिचालन सम्बन्धमा विकास सहायता नीतिबमोजिम हुनेछ ।

१०. **उपाधि, सम्मान वा विभूषणः**

१०.१. नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी नेपालको कुनै नागरिकले कुनै विदेशी सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नसक्नेछ ।

१०.२. प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीले कुनै विदेशी सरकारबाट उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नुअघि नेपाल सरकारको स्वीकृतिका लागि सङ्घीय गृह मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

१०.३. सङ्घीय गृह मन्त्रालयले आवश्यक जाँचबुझ गरी स्वीकृतिका लागि विभूषण समितिमा पेश गर्नेछ र स्वीकृत भइआएमा सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिइनेछ ।

११. **विदेशी नागरिकले नेपालमा काम गर्ने सम्बन्धीः** नेपाल सरकारको कार्य सहमति नलिएको, प्रचलित सङ्घीय कानुनबमोजिम तोकिएको भिसा नलिएको तथा पर्यटक भिसामा रहेको विदेशी नागरिकलाई कुनै पनि काममा लगाउन पाइने छैन ।

१२. **विदेशी गैरसरकारी संस्थासँग सम्पर्क र समन्वयः**

१२.१. प्रदेश तथा स्थानीय तहले विदेशी गैरसरकारी संस्थाहरूसँग सम्पर्क वा समन्वय गर्दा परराष्ट्र मन्त्रालयको सहमति लिनुपर्नेछ । तर गैरसरकारी संस्थामार्फत् गरिने वैदेशिक स्रोतको परिचालनका सम्बन्धमा संघीय अर्थ मान्त्रालयको समेत समहति लिनुपर्नेछ ।

१२.२. सहमति माग गर्दा त्यस्तो विदेशी गैरसरकारी संस्थाको संक्षिप्त परिचय (Short Profile), विगतमा उसले गरेका कार्यहरू, सहकार्य गर्नुपर्नाको कारण वा औचित्य र त्यसबाट हुने उपलब्धिलगायतका विवरणहरू खुलाई पठाउनुपर्नेछ।

१२.३. परराष्ट्र मन्त्रालयले त्यस्तो औचित्य र अन्य पक्षलाई समेत विचार गरी सहमति प्रदान गर्न सक्नेछ।

१२.४. प्रदेश तथा स्थानीय तहले विदेशी गैरसरकारी संस्थाहरूसँग गरेको सम्पर्क वा समन्वयको आवधिक प्रतिवेदन परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित विषयगत मन्त्रालयलाई पठाउनुपर्नेछ।

१२.५. सम्बन्धित सङ्घीय मन्त्रालयको सिफारिसमा परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई विदेशी गैरसरकारी संस्थाहरूको परिचालन हुनेछ ।

१२.६. विकास सहायता परिचालन गर्नेगरी नेपालमा कार्यरत रहेका सबै राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सङ्घीय कानुन बमोजिम नेपालमा दर्ता भएको हुनुपर्नेछ ।

१२.७. राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विकास सहायता परिचालन गर्नेगरी प्रस्ताव तयार गर्दा सम्बन्धित क्षेत्रगत मन्त्रालयको समन्वयमा गर्नुपर्नेछ ।

१२.८. यसरी सहायता परिचालन गर्दा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा राष्ट्रिय प्रणालीमा आबद्ध भई गर्नुपर्नेछ ।

## १३. राहदानीसम्बन्धी व्यवस्था:

१३.१. संघ, प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा राहदानी ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम आफ्नो ओहोदाले पाउने राहदानी प्रयोग गर्नुपर्नेछ ।

१३.२. सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने व्यक्तिले प्रचलित राहदानी ऐन र नियमावलीमा उल्लेख भएबमोजिमको राहदानी प्राप्त गर्नेछन् ।

१३.३. राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको औपचारिक भ्रमणदलमा सामेल भई खास कार्यक्रमको लागि विदेश भ्रमण गर्न प्रचलित राहदानी ऐन र नियमावलीबमोजिम वा नेपाल सरकारको निर्णयले कूटनीतिक राहदानी प्राप्त गरेको भए भ्रमण सम्पन्न गरी स्वदेश फर्केको सात दिन भित्र त्यस्तो राहदानी शिष्टाचार महाशाखामा बुझाउनु पर्नेछ । शिष्टाचार महाशाखाले यथाशीघ्र त्यस्ता राहदानीहरू रद्ध गर्न राहदानी विभागमा पठाउनु पर्दछ । तर पदीय हैसियतले जुनसुकै सरकारी काममा विदेश भ्रमण गर्दा कूटनीतिक राहदानी पाउने पदाधिकारीले आफ्नो पदावधि कायम रहेसम्म कूटनीतिक राहदानी फिर्ता गर्नुपर्ने छैन ।

१३.४. पदाधिकारी एवं कर्मचारीले आफूले प्राप्त गरेको कूटनीतिक एवं विशेष राहदानी निजी काममा विदेश भ्रमण गर्दा प्रयोग गर्न पाउने छैन ।

### १३.५. कूटनीतिक तथा विशेष राहदानी:

१३.५.१. सरकारी कामको सिलसिलामा राहदानी नियमावली बमोजिम कूटनीतिक वा विशेष राहदानी लिनुपर्दा प्रदेशको हकमा प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्रीको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश मन्त्रालय, प्रदेश लोक सेवा आयोग, प्रदेश न्याय सेवा आयोग, प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय र जिल्ला समन्वय समिति तथा स्थानीय तहको हकमा नगरप्रमुख वा गाउँपालिकाको अध्यक्षको कार्यालयको सिफारिससहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत राहदानी विभागमा लेखी पठाउनुपर्नेछ ।

१३.५.२. पत्रमा देहायबमोजिमका कुराहरू उल्लेख गर्नुपर्नेछः

(क) राहदानी प्राप्त गर्ने पदाधिकारीको नाम

(ख) कार्यक्रमको नाम (अंग्रेजीमा समेत)

(ग) कार्यक्रमको अवधि, बाटोमा पर्ने मुलुक(हरू)

(घ) सम्बन्धित पदाधिकारीको पदावधि समाप्त हुने मिति

(ङ) नागरिकताको प्रतिलिपि

(च) सङ्घीय सरकारको सहमति पत्र

(छ) पुरानो राहदानी

१३.६. साधारण राहदानीः

प्रदेश तथा स्थानीय तहका राजपत्र अनङ्कित निजामती कर्मचारीहरूलाई सरकारी कामको सिलसिलामा अध्ययन, भ्रमण तथा तालिममा सहभागी हुन विदेश भ्रमण गर्नुपरेमा सम्बन्धित प्रदेश मन्त्रालय, सचिवालय, आयोग वा कार्यालयबाट सिफारिससहित लेखिआएमा राहदानी विभागले निःशुल्क साधारण राहदानी जारी गर्न सक्नेछ ।

१३.६.१. प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा राहदानी ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम आफ्नो ओहोदाले पाउने राहदानी प्रयोग गर्नुपर्नेछ ।

१३.६.२. खण्ड (१३.६.१) बमोजिमका व्यक्तिले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा राहदानी नियमावलीमा उल्लेख भएबमोजिम राहदानी प्राप्त गर्नेछन् ।

१३.७. राहदानी सम्बन्धी अन्य व्यवस्था प्रचलित राहदानी ऐन र नियमावली बमोजिम हुनेछ ।

## १४. कन्सुलर सेवासम्बन्धी व्यवस्था

१४.१. प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीले विदेश भ्रमण गर्दा भिसा सिफारिस लिनुपरेमा कन्सुलर सेवा विभागमा लेखी पठाउनुपर्नेछ ।

१४.२. उपदफा (१४.१) बमोजिम लेखिपठाउँदा मनोनयनको निर्णयको प्रतिलिपि र त्यस्तो विदेश भ्रमण गर्न परराष्ट्र मन्त्रालयबाट प्राप्त सहमति पत्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

## १५. संशोधन तथा हेरफेर

१५.१. नेपाल सरकारले आवश्यकता अनुसार यस निर्देशिकालाई संशोधन तथा हेरफेर गर्न सक्नेछ।

१५.२. उपदफा (१५.१) बमोजिम संशोधन तथा हेरफेर गर्ने प्रस्ताव परराष्ट्र, अर्थ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमतिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पेश गर्नेछ ।

..... ..... ..... ..... ..... .....